# मिति २०७४/१२/०९ गते शुक्रबारको "नयाँ पत्रिका" राष्ट्रिय दैनिकको पृष्ठ १४ मा प्रकाशित सूचना

**मध्य भोटेकोशी जलविद्युत आयोजना १०२ मे. वा. को २२० के. भि सिगंल सर्किट विद्युत प्रसारण लाइनको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) को सार्वजनिक सूचना**

(प्रकाशित मिति २०७४।१२।०९ गते)

यस मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड प्रस्तावक रहेको सिन्धुपाल्चोक जिल्लाको भोटेकोशी गाउँपालिका र बाह्रविसे नगरपालिकामा मुख्य संरचना रहनेगरी निर्माण भइरहेको मध्य भोटेकोशी जलविद्युत आयोजना (१०२ मे. वा) बाट उत्पादन हुने विद्युतशक्ति प्रवाह गर्न आयोजनाको विद्युत गृहदेखि बाह्रविसे स्थित ने.वि.प्रा.को सवस्टेशनसम्म करीव ४ कि.मि. लम्वाईको २२० के. भी. सिगंल सर्किट विद्युत प्रसारण लाईन निर्माण गर्नु पर्नेभएको छ । यस प्रसारण लाइनको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारी गर्ने क्रममा रहेको व्यहोरा सम्वन्धित सवैमा जानकारीको लागि हार्दिक अनुरोध छ । आयोजनाको विद्युतगृह देखि बाह्रबिसे नगरपालिका वडा नं ३, ४ र ५ हुँदै ने. वि. प्रा.को बाह्रबिसे सवस्टेशनमा जोडिने उक्त प्रशारण लाईनमा जम्मा १२ वटा टावर निर्माण गर्ने लक्ष्य रहेको छ ।

अत: सो विद्युत प्रसारण लाईन निर्माण गरिने स्थानहरुमा कसैलाई बाधा क्षति हुने वा नहुने, सामाजिक, आर्थिक, सांस्कृतिक, भौतिक, जैविक पक्षमा पर्न सक्ने प्रभाव र वातावरणमा प्रतिकूल असर पर्ने वा नपर्ने सम्वन्धमा वातावरण संरक्षण नियमावली, २०५४ (संशोधन सहित) अनुसार १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको १५ दिन भित्र तपसीलको ठेगानामा लिखित राय/सुझाव, उजुरी दिन हुन यो सूचना प्रकाशित गरिएको छ ।

| | |
|---|---|
| प्रभावित स्थान: | बाह्रबिसे नगरपालिका वडा नं. ३, ४ र ५ |

**राय/सुझाव दिने स्थान:**

**प्रस्तावक**

मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड
महाराजगंज, काठमाण्डौं ।
फोन नं.: ०१-४७२१६४१ / ४७२१६४२
ईमेल: admin@mbjcl.com.np

मध्य भोटेकोशी जलविद्युत आयोजना कार्यालय
बाह्रविसे न.पा.५,गाती खोराङ्ग, सिन्धुपाल्चोक ।
फोन.नं.: ०९९४११०००८/९

**परामर्शदाताको तर्फबाट**

नेपाल इन्भाइरमेन्ट एण्ड डेभलपमेन्ट कन्सल्टेन्ट प्राइभेट लिमिटेड
बबरमहल, काठमाण्डौं ।
फोन.नं.: ०१-४२८६०७३
ईमेल : consultingnepal@gmail.com

MBK JCL
ESTD 2010
मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड

मिति २०७४/१२/०९ गते शुक्रबारको "नयाँ पत्रिका" राष्ट्रिय दैनिकको पृष्ठ १४ मा प्रकाशित सूचना


सात प्रदेश, सातै संस्करण

# नयाँ पत्रिका

राष्ट्रिय संस्करण

९ चैत २०७४, शुक्रबार | वर्ष ११, अंक ३३५ | नेपाल संवत् ११३८ | NAYA PATRIKA NATIONAL DAILY www.enayapatrika.com | 23 Mar 2018, Friday | पृष्ठ १२+४ मूल्य रु. १० –


उनले स्क्र्याच कार्डमा ५० प्रतिशत क्यास ब्याक पाएका हुन् ।

रतिशकुमारले यामाहाको एफजिएस एफआई खरिद गरेका थिए ।

पहिलो स्क्र्याचमा पाँच हजार पाएका उनले दोस्रो, तेस्रो र चौथो स्क्र्याचमा क्रमशः एयरफिल्टर, कप र पर्फ्युम पाएका थिए । उनले अन्तिम स्क्र्याचमा ५० प्रतिशत क्यास ब्याक पाएका थिए ।

यामाहाले चैतको पहिलो

यसअघि यामाहाले 'सेल्फी खिचौं न' नामक फेसबुक कन्टेस्ट सुरु गरेको थियो जसमा ग्राहकले यामाहा सोरुममा रहेको 'आमन्त्रण'लाई ब्याकग्राउन्डमा राखेर खिचिएको सेल्फीलाई 'एसयामाहा'को फेसबुक पेजमा पठाउनुपर्नेछ । यो कन्टेस्टमा दैनिक विजेताले 'सरप्राइज गिफ्ट' पाउनेछन् । यामाहाले यामाहा स्कुटरमा 'रिसेल प्रोमिस'को घोषणासमेत गरेको छ । यामाहाको नयाँ वर्ष योजना १ चैत बाट ३१ वैशाखसम्म चल्नेछ ।

नयाँ पत्रिका
काठमाडौं, ८ चैत

जनता बैंक नेपालले थप २ नयाँ शाखा र ५ शाखारहित बैंकिङ सेवा सुरु गरेको छ । बैंकले बाराको सिमरौनगढ पोखराको बुढीबजारमा शाखा विस्तार गरी कारोबार सुरु गरेको हो ।

बैंकले कैलालीको गौरीगंगा नपा–६, वनवेहडा, जानकी नपा–१, दुर्गौली र गोदावरी नपा–८, स्याउले बजार तथा दाङको राप्ती गाउँपालिका–४, मौरीघाट र लमही नपा–३, फलकापुर गरी ५ स्थानबाट शाखारहित बैंकिङ सेवा सुरु गरेको छ ।

थप स्थानमा विस्तारित सञ्जालसँगै बैंकका शाखा ९८, ३१ शाखारहित बैंकिङ, ३ सीमित बैंकिङ इकाइ, ३ एक्स्टेन्सन काउन्टर र ६९ एटिएम पुगेका छन् ।

## मध्य भोटेकोशी जलविद्युत आयोजना १०२ मे. वा.को २२० के. भि सिगंल सर्किट विद्युत प्रसारण लाइनको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) को सार्वजनिक सूचना

(प्रकाशित मिति : २०७४/१२/०९ गते)

यस मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड प्रस्तावक रहेको सिन्धुपाल्चोक जिल्लाको भोटेकोशी गाउँपालिका र बाह्रविसे नगरपालिकामा मुख्य संरचना रहने गरी निर्माण भइरहेको मध्य भोटेकोशी जलविद्युत आयोजना (१०२ मे. वा) बाट उत्पादन हुने विद्युत शक्ति प्रवाह गर्न आयोजनाको विद्युत गृहदेखि बाह्रविसे स्थित ने. वि. प्रा. को सवस्टेशनसम्म करीव ४ कि.मि. लम्बाईको २२० के. भी. सिगंल सर्किट विद्युत प्रसारण लाईन निर्माण गर्नुपर्ने भएको छ । यस प्रसारण लाइनको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारी गर्ने क्रममारहेको व्यहोरा सम्वन्धित सवैमा जानकारीको लागि हार्दिक अनुरोध छ । आयोजनाको विद्युत गृहदेखि बाह्रबिसे नगरपालिका वडा नं ३, ४ र ५ हुँदै ने. वि. प्रा.को बाह्रबिसे सव स्टेशनमा जोडिने उक्त प्रशारण लाईनमा जम्मा १२ वटा टावर निर्माण गर्ने लक्ष्य रहेको छ ।

अतः सो विद्युत प्रसारण लाईन निर्माण गरिने स्थानहरुमा कसैलाई बाधाक्षतिहुने वानहुने, सामाजिक, आर्थिक, सांस्कृतिक, भौतिक, जैविकपक्षमा पर्न सक्ने प्रभाव र वातावरणमा प्रतिकूल असर पर्ने वानपर्ने सम्बन्धमा वातावरण संरक्षण नियमावली, २०५४ (संशोधन सहित) अनुसार १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको १५ दिनभित्र तपसीलको ठेगानामा लिखित राय/सुझाव, उजुरी दिनहुन यो सूचना प्रकाशित गरिएको छ ।

| | |
|---|---|
| प्रभावित स्थानः | बाह्रबिसे नगरपालिका वडा नं. ३, ४ र ५ |

राय/सुझावदिने स्थानः

**प्रस्तावक**

मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड
महाराजगंज, काठमाडौं ।, फोन नं.: ०१–४७२१६४१ र ४७२१६४२
ईमेल : admin@mbjcl.com.np

मध्य भोटेकोशी जलविद्युत आयोजना कार्यालय
बाह्रबिसे न.पा.–५, गाती खोराङ, सिन्धुपाल्चोक ।
फोन.नं.: ०९९४११०००८/९

**परामर्श दाताको तर्फबाट**

नेपाल इन्भाइरमेन्ट एण्ड डेभलपमेन्ट कन्सल्टेन्ट प्राइभेट लिमिटेड
ववरमहल, काठमाडौं, फोन.नं. : ०१–४२८६०७३
ईमेल : consultingnepal@gmail.com

## सेञ्चुरी–प्रभु लाइफ बैंकास्योरेन्स सम्झौता

नयाँ पत्रिका
काठमाडौं, ८ चैत



सेञ्चुरी कमर्सियल बैंक र प्रभु लाइफ इन्स्योरेन्सबीच बैंकास्योरेन्स सम्झौता भएको छ । सम्झौतापत्रमा बैंकका कामु प्रमुख कार्यकारी अधिकृत जीवन भट्टराई र प्रभु लाइफका निमित्त प्रमुख कार्यकारी अधिकृत किशोरप्रसाद लामिछानेले हस्ताक्षर गरेका थिए ।

सम्झौतापछि ग्राहकले सेञ्चुरीबाट प्रभु लाइफको बिमा लेख प्राप्त गर्न, प्रिमियम भुक्तानी गर्न, दाबी भुक्तानीलगायत सम्पूर्ण बिमा सेवा प्राप्त गर्न सक्नेछन् ।

## सनराइज बैंकको छात्रवृत्ति




नयाँ पत्रिका
काठमाडौं, ८ चैत

सनराइज बैंकले सञ्चालनको १०औं वर्ष अवसरमा संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत विभिन्न विद्यालयका विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरेको छ ।

बैंकले लुभु, बुढानीलकण्ठ, नख्खु, कपन, दार्चुला र नेपालगन्जमा अवस्थित विभिन्न ६ वटा विद्यालयमा अध्ययनरत १० जना बालबालिकालाई १० वर्षका लागि छात्रवृत्ति प्रदान गरेको हो ।

कार्यक्रममा बैंक सञ्चालक समितिका अध्यक्ष मोतीलाल दुगड, सञ्चालक ई. बच्छराज तातेड, ज्योतिकुमार बेगानी, दीपक नेपाल, ओमकृष्ण जोशी प्रमुख कार्यकारी अधिकृत रत्नराज बज्राचार्यलगायतका पदाधिकारीको सहभागिता थियो ।